# ८. क्षमा र शुद्ध विवेक

## क. क्षमा

क. मुख्य पदहरु

| | |
|---|---|
| १यहून्ना १:५-९ | हिब्रु ९:२२ |
| एफिसी ४:३२ | मत्ती ६:१४-१५ |
| लूका ६:३७-३८ | मर्कूस ११:२५ |

ख. क्षमा के हो ?

*"परमेश्वर ज्योति हुनुहुन्छ र उहाँमा कत्तिपनि अंध्यारो छैन. यदि उहाँसँग हाम्रो सँगति छ भनी हामी भन्छौं र अन्धकारमा नै हिंड्छौं भनेता, हामी झुट बोल्छौं र सत्यमा चल्दैनौ. तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिंड्छौं भने, एउटा अर्कासित हाम्रो सँगति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ."*


*"यदि हामीमा पाप छैन भनी हामी भन्छौं भने ता हामीले आफैलाई धोखा दिन्छौं, र हामीमा सत्य हुँदैन. यदि हामीले आफ्ना पापहरु स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ."* १यूहन्ना १:५:९

परमेश्वर ज्योति हुनुहुन्छ. जब हामी उहाँको ज्योतिमा हिंड्छौं हामी अरु विश्वासी तथा परमेश्वरसँगको सँगतिमा रहन्छौं. हामी परमेश्वरको ज्योतिदेखि निस्क्यौं भने अन्धकारमा प्रवेश गर्नेछौं. अंध्यारोमा जिउनु खतरापूर्ण हुन्छ किनभने हामी कहाँ गइरहेका हुन्छौं सो हामीलाई थाहा हुनेछैन र यसरी परमेश्वर पिता र अन्य विश्वासीहरुसँगको हाम्रो सँगति टुट्नेछ.

पवित्र आत्माले येशूको जुन प्रकाशमा हामीलाई बोलाउनु भएको छ त्यहाँ अरु विश्वासीहरुसित हामी कसरी रहन्छौ सो तलको उदाहरणबाट प्रष्ट हुन्छ. त्यो प्रकाशको घेरा बाहिर शैतानको राज्यको अन्धकार व्याप्त छ. हामीलाई प्रकाशको वृत्तबाट तानेर अन्धकारमा लैजानु शैतानको इच्छा रहेको छ. थकान, डर, हृदयको चिसोपन, मनको आन्तरिक विद्रोह,

कठोरता, पीडा र दर्द आदि तरीका प्रयोग गरेर शैतानले हामीलाई अन्धकारमा हिंडाउन कोशिस गर्छ.

सबैभन्दा अंध्यारो ठाउँ परमेश्वरको प्रकाशभन्दा बाहिर रहेको हुन्छ. त्यसैकारण प्रकाशमा खडा रहेका क्रिश्चियनहरु पछि हटेमा तिनीहरु पहिल्यै ख्रीष्टलाई कहिल्यै नचिनेका अक्रिश्चियनहरुभन्दा पनि बढी घोर अन्धकारमा परेका जस्ता देखिन्छन्.




पितासँग चुंडेको सम्बन्ध येशू ख्रीष्ट हाम्रो अधिवक्ताद्वारा फेरि पुनर्स्थापन गर्न सकिन्छ (१यूहन्ना २:१,२). हामीले क्षमा मागेकै क्षणमा हाम्रो मुद्दा हाम्रो अधिवक्ताले सम्हाल्नुहुन्छ. उहाँ पिताको सामून्ने गएर हाम्रो मुद्दा लड्नुहुन्छ र पितासँगको हाम्रो सम्बन्ध फेरि गासिदिनुहुन्छ. पापहरुलाई हाम्रो मुखले स्वीकार गरेमा मात्र हामी त्यसबाट छुटकारा प्राप्त गर्नसक्छौं. परमेश्वरले पूर्ण क्षमाको प्रतिज्ञा गर्नुभएको छ यहाँसम्म कि हामीले पहिला कहिल्यै पाप गरेका थियौं कि थिएनौं भन्ने कुरा समेत बिर्सिदिनुहुन्छ.

*"अब जसले तिमीहरुलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ, र जसले तिमीहरुलाई आनन्दसहित उहाँकै महिमाको सामने निष्कलंक प्रस्तुत गर्नसक्नुहुन्छ, उही एकमात्र परमेश्वर, हाम्रा मुक्तिदातालाई येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा महिमा, प्रभुत्व, पराक्रम र अधिकार युग-युग पूर्वदेखि आज र सदासर्वदा भइरहोस. आमिन.* (यहूदा २४,२५)

ख्रीष्ट हाम्रो पापको निम्ति मर्नुभयो (१कोरिन्थी १५:३) र उहाँले ती सबै पापहरु आफैंले लिनुभयो. तर हामीले ती सबै पापहरु मुखले स्वीकार गरेर उहाँले पूरा गर्नुभएको कामबाट फाइदा उठाउन सक्छौं.

ग. येशूको रगत

रगत नबगाइकन क्षमा प्राप्त हुँदैन (हिब्रु ९:२२). परमेश्वरको व्यवस्थाले तपाईंको पापको दण्ड मृत्यु तोकेकोले (इजकिएल १८:४, रोमी ६:२३) तपाईंको पापदेखि तपाईंलाई बचाउन र परमेश्वरमा फर्काउन पापरहित येशूले कष्ट भोग्नुपर्‍यो (१पत्रुस ३:१८). येशूको रगतले मात्र तपाई आफ्ना पापबाट पखालिनु भएको छ. ख्रीष्टको रगतबाट हामी दोषमुक्त ठहरिएका छौं. परमेश्वरको तर्फबाट भएको यो छुटकाराको काम हो. धार्मिकताका सम्बन्धमा हामी बिल्कुल बेकम्माको (टाट पल्टेको) साबित भएका छौं तर येशू आएर क्रूसमा हाम्रा सबै ऋणहरु तिरिदिनु भएको छ. उहाँका सबै धार्मिकता हाम्रो पनि धार्मिकता भएको छ. यसरी परमेश्वरको अपार प्रेमको प्रष्फुटन क्रूसमा देखिएको छ (रोमी ५:८).

"कठघरामा उभिएको मानिस दोषी साबित भएको छ. न्यायाधीश आफ्नै मित्र भएपनि त्यो दोषलाई उसले हल्का किसिमले लिएन. तिराउन सम्भव भएसम्मको रकम जरिवाना स्वरुप तिर्न दोषीलाई भनियो. परमेश्वर पवित्र हुनुभएकोले पापको दण्ड मृत्यु नै दिइनुपर्थ्यो. न्यायाधीश रुपि परमेश्वर न्यायाशनबाट ओर्लेर क्रूसमा आएर तपाईंको ऋण येशूको रगतले तिरिदिनुभयो." आर्थर वालिस "परमेश्वरको बाटोमा हिंडनु" बाट उद्धृत)

घ. किन क्षमा दिने ?

प्रेमले सधैं क्षमा गर्छ. येशूले क्रूसमा समेत यो देखाउनुभयो (लूका २३:२४). क्षमाशील परमेश्वर बिना हामी कहाँ हुनेथियौं (हिब्रु ९:२७-२८) हामी कल्पना पनि गर्न सक्दैनौं. मानिसहरुले "माफ गर्नुहोस्" भन्नु भन्दा पनि अगाडि तपाईंको हृदय क्षमाशील हुनुपर्छ. तपाईंले आफ्नो भाइलाई क्षमा गर्नुभएन भने स्वर्गमा हुनुहुने तपाईंको पिताले तपाईंलाई माफी नदिनुहुने कुरा येशूले सिकाउनु भएको छ (मत्ती ६:५-१५).

"जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरुलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरु एउटा अर्काप्रति कोमल मनका र दयालु हाओ." (एफिसी ४:३२)

अर्को व्यक्तिले सदैव गल्ती गरिराखे तापनि क्षमा दिने तपाईं नै हुनुपर्छ. चुंडेको सम्बन्धलाई फेरि जोडन परमेश्वरको सामू तपाईं जिम्मेवार

हुनुहुन्छ चाहे जोसुकैले गल्ती गरेको किन नहोस र अरुले तपाईंको मन जति नै पल्ट किन नदुखाएको होस.

*"क्षमा देउ र तिमीलाई पनि क्षमा गरिनेछ." लूका ६:३७*

हामीले क्षमा दिएनौं भने परमेश्वरले पनि हामीलाई क्षमा गर्नुहुन्न. यसले मात्र विश्वासलाई हाम्रो हृदयमा काम गर्ने बाटो तयार पारिदिन्छ. प्रार्थनाद्वारा परमेश्वरकहाँ पुग्नको निम्ति क्षमा नै आवश्यक कारकतत्व भएको छ (मर्कूस ११:२५). यदि अरुको नकारात्मक अभिव्यक्ति वा पीडादायी क्रियाकलापबाट हामी मर्माहत हुनथाल्यौं भने हामीले शैतानलाई आफ्नो जीवनमा काम गर्ने मौका दिइरहेका हुन्छौं. सम्बन्धित व्यक्तिहरुलाई क्षमा दिएर हामी त्यस्ता पीडाबाट मुक्त हुनसक्छौं चाहे तिनीहरु जतिनै गलत किन नहोउन् र हामी जतिनै सही किन नहोऔं. यसबाट हामीलाई चंगाई दिन र फेरि पहिलेकै स्थानमा फर्काउन परमेश्वर सक्षम हुनुहुनेछ. शैतानको हतियार तितोपन हो त्यसकारण आफ्नो मनमा यसलाई जरा गाड्न नदिनुहोस. काम, कुरा र विचारहरुमा तपाईंको हृदयबाट क्षमा बाहेक तितोपन ननिस्कोस.

## ख. शुद्ध विवेक

### क. मुख्य पदहरु

| | |
|---|---|
| रोमी २:१५ | हिब्रु ९:१४ |
| हिब्रु १०२२ | १तिमोथी १:१९ |
| १तिमोथी १:५ | प्रेरित २४:१६ |

### ख. विवेक भनेको के हो र यसले कसरी काम गर्छ ?

हामीले "ठीक" वा "सही" ठानेको कुरा गर्न र "गलत" ठानेको कुरा नगर्न अन्तरात्माबाट उत्पन्न प्रेरणालाई हामी विवेक भन्ने गर्छौं. तपाईंसँगसँगै साक्षी दिने, तपाईं गलत भए तपाईंलाई दोष्याउने र यदि तपाईं सही हुनुभएमा तपाईंको रक्षा गर्न यो मनबाट आउने भित्री आवाज हो (रोमी २:१५). यदि तपाईंले उत्प्रेरणाहरुलाई सुन्नुभयो भने तपाईंसँग शुद्ध विवेक भएको मानिनेछ (१तिमोथी १:५). यदि तपाईंले त्यसको बेवास्ता गर्नुभयो भने तपाईंमा अपराधबोध हुनेछ (हिब्रु १०:२२). अर्को शब्दमा, तपाईंबाट केही कुरा गलत भएको छ भनेर तपाईंलाई जगाउन परमेश्वरले विवेकलाई एउटा घण्टीको रुपमा प्रयोग गर्नुहुन्छ. सबैसँग विवेक छ. तर कुन ठीक र कुन

गलत भनेर छुट्ट्याउनुपर्दा बेग्ला बेग्लै विवेक र बेग्ला बेग्लै विचारहरु आउन सक्छन्. कहिले कहीं विवेकको घण्टी नबज्नसक्छ भने कहिले कहीं गलत समयमा बज्नसक्छ.

हाम्रो विवेक भरपर्दो छैन. आफूले "ठीक" ठानेको कुरा यसले देखाइदिन्छ. यसबाट निस्केको आवाजलाई हामी दबाउने कोशिश गर्नसक्छौं, नकार्न सक्छौं तर त्यसो गर्‍यौं भने हामीले हाम्रो जीवनमा तनाव उत्पन्न गर्नेछौं. केही समयको निम्ति उक्त तनावलाई हामी एकातिर पन्छाउन सकौंला तर अन्त्यमा बिमारी वा तिक्तताको रुपमा त्यो फेरि फर्कनेछ. उहाँको आज्ञापालन गर्नको निम्ति परमेश्वरले हामीमा विवेक दिनुभएको छ. हामीले परमेश्वरको इच्छापालन गरेको वा नगरेको प्रष्ट्याउन हाम्रो विवेकलाई उचित अवस्थामा परिचालन (programmed) गरिएको छ. पापमय अवस्थामा हाम्रो विवेकले परमेश्वरको सिद्ध इच्छाको सधैं प्रतिबिम्बित गरिरहेको हुदैन. आफ्नो बाल्यावस्थादेखिनै मानिसहरु बिभिन्न किसिमले हुर्किएकाले हामी जब उमेरमा र अनुभवमा बढ्न थाल्छौं अनि हाम्रो विवेकले पनि काम गर्नथाल्छ. परमेश्वरले हामीसँग जे चाहनुभएको छ विवेकको संचालन त्यसै अनुसार हुन पनि सक्छ र नहुन पनि सक्छ. कुनैपनि कुरा सही वा गलत भएको तथ्यलाई हाम्रो मनमा हालिदिनुबाट हाम्रो विवेकले काम गर्ने तरीका निर्धारण गर्छ. हाम्रो विवेक एउटा कम्प्युटर जस्तै हो. यदि हामीले सही सूचना तथा तथ्याङ्कहरु विवेकमा हालिदिएका छौं भने यसले सही उत्तरहरु दिनसक्छ. परमेश्वरले हाम्रो विवेकलाई सन्चालन गर्न चाहनुहुन्छ ताकि कम्पासको सुइले दिशा सङ्केत गरेजस्तै हामीले गर्ने प्रत्येक निर्णयमा यसले परमेश्वरको इच्छालाई देखाउन सकोस्. यसरी परमेश्वरप्रति हुने हाम्रो अनाज्ञाकारिताको मात्रामा कमी आउनेछ र उहाँले चाहनु भएको कार्य गर्न हामीलाई मदत गर्नेछ. उहाँको वचनद्वारा हाम्रो विवेक बदल्न परमेश्वरलाई हामीले अनुमति दिनुपर्छ र हाम्रो मनलाई नित्य नयाँ बनाउन दिनुपर्छ. निश्चय नै, यसो गर्न समय लाग्छ.

## ग. परमेश्वरको सीमा

कमजोर विवेक तथा कमजोर विश्वास भएकाहरुका निम्ति तिनीहरुलाई गलत काम गर्नबाट रोक्न नियम कानूनको जरुरत पर्छ. यसको अर्थ तिनीहरुले आफ्ना वरिपरी सीमा कोरेका हुन्छन् र ती परमेश्वरबाट नै

आएको हो भन्न नसकिएला तर त्यसले तिनीहरुलाई खराब काम गर्नबाट जोगाउंछ. ती सीमाभित्र रहन तिनीहरुको विवेकले सिकेको हुन्छ. बिशेषगरी अरुको दवावमा यी सीमा पार नगर्न पावलले हामीलाई अर्ती दिएका छन् किनभने हामीले त्यसो गऱ्यौं भने पाप गर्नेछौं.

परमेश्वरको वचनमा आधारित सामर्थी विवेक भएका मानिसहरुका जीवनको निम्ति यी सीमाहरुको जरुरत पर्दैन, किनभने तिनीहरुको हृदयमा उहाँको सीमाना कोरिएकोछ. परमेश्वरको इच्छा अनुसार उहाँको आज्ञाकारितामा हिड्नमा यो ठूलो सहारा भएको छ. वास्तवमा विश्वासमा जिउनु पनि यो कुराले सघाऊ पुऱ्याएको छ (रोमी १४:२३). याद गर्नुहोस् तपाईंमा भएको विवेक तपाईंलाई जगाउने परमेश्वरको घण्टी हो. यदि यो बज्दैछ भने तपाईंको जीवनमा केही कुरा गलत भएको तर्फ परमेश्वर औंल्याइरहनु भएको त छैन ? यसरी तपाईंको जीवनको सुरक्षाको निम्ति परमेश्वरले यो तपाईंमा राखिदिनुभएको छ.

## घ. परिवर्तनमा के हुन्छ ?

परिवर्तन हुने क्रममा आत्माले तपाईंलाई दोषी देखाउन तपाईंको विवेकलाई प्रयोग गर्नुभयो. पाप, धार्मिकता र न्यायका बारेमा तपाईंलाई कायल पार्ने काम पवित्र आत्माको हो (यूहन्ना १६:८). यसरी तपाईंलाई कायल पारेपछि उहाँले ख्रीष्टतिर औंल्याउनुभयो. तपाईंको जीवनमा सुसमाचारको सत्यता भित्रिएपछि तपाईंको विवेकमा ज्ञान प्राप्ति हुन्छ र पापका बारेमा कहिल्यै नआएको जागरुकता तपाईंमा आउंदछ. परमेश्वरको सत्यको प्रकाश हामीले आफ्नो जीवनमा बढी आउनदिन थाले पश्चात हाम्रो विवेक पनि परमेश्वरको बाटोको सम्बन्धमा बढी जागरुक हुनथाल्छ. यसको मतलब हामी बढी अपराधबोधले ग्रस्त हुनथाल्छौं भनेको होइन, वास्तवमा परमेश्वरको बाटोमा हिंडन सिक्दै गर्दा हामीले बढी स्वतन्त्रता प्राप्त गर्न थाल्छौं (१कोरिन्थी ८:७-८). परमेश्वरको इच्छाको ज्ञानले हामी भरिन आवश्यक छ (कलस्सी १:९).

## ङ. के शुद्ध विवेक महत्वपूर्ण हुन्छ ?

उद्धारको काम हामीलाई दोषमुक्त गर्नु हो (रोमी ८:१). तर यदि तपाईंको विवेक सफा छैन भने तपाईं सधैं अपराधबोधले थिचिएको हुनुहुनेछ. यसले तलका बुँदाहरुमा असर पार्नेछ.

**१. परमेश्वरसितको तपाईंको सम्बन्ध**

दोषपूर्ण भावनाबाट पवित्र परमेश्वरको सामुन्ने हामी अपवित्र अनुभव गर्ने भएकोले गर्दा उहाँसितको हाम्रो सम्बन्धमा यसबाट बाधा उत्पन्न हुन्छ. यसको अर्थ हामी परमेश्वरको अगाडि पर्न सक्दैनौ. यसले गर्दा परमेश्वरको प्रेमलाई सम्पूर्ण रुपमा हाम्रो जीवनमा आत्मसात गर्न हामी असमर्थ हुन्छौं. हाम्रो विवेकले हामीलाई घच्घच्याइरहेमा हामी पश्चाताप नगरेको पापले गर्दा दुःखित हुन्छौं र असहाय अनुभव गर्नथाल्छौं. पापबाट पश्चाताप गरेर विवेक शुद्ध भइसकेपछि परमेश्वरकहाँ हामी साहसपूर्वक जानसक्छौं. परमेश्वरको प्रेम हाम्रो जीवनमा स्वीकार गर्न हामीलाई केही कुराले पनि रोक्नेछैन र हामीलाई दोष्याउन सक्नेछैन भनेर हामी थाहा पाउनेछौं.

**२. तपाईंको विश्वास**

मजबुत विश्वास र दोषपूर्ण विवेक एकसाथ रहन सक्दैनन (**रोमी १४:२३**)

**३. तपाईंको प्रार्थनाको जीवन**

यदि तपाईंको विवेकले पापको कुनै पक्षतिर औंल्याइरहेको छ भने त्यो कुरालाई तपाईंको जीवनबाट निकालेर विवेक सफा पार्न परमेश्वरले कोशिस गर्नुहुनेछ.

**४. परमेश्वरको बचनको निम्ति तपाईंको चाहना**

परमेश्वरका वस्तुहरुको चाहना गर्ने तपाईंको इच्छा र उहाँको बचनप्रतिको तृष्णालाई एउटा दोषी विवेकले तपाईंबाट हटाइदिन्छ.

**५. तपाईंको साक्षी**

यदि तपाईं दोषपूर्ण भावनाले ग्रसित हुनुहुन्छ भने तपाईं पाखण्डी हुनुहुन्छ त्यसकारण (परमेश्वरबाट) कुनै उत्तर पाउनुहुनेछैन भनेर शैतानले तपाईंलाई आश्वस्त पार्न खोज्छ.

## च. दोषमुक्त सफा विवेक कसरी बनाइराख्ने ?

दोषी भावनाबाट हाम्रो विवेक स्वतन्त्र र सफा हुनसक्छ. हाम्रा सबै पापहरु पखालेर विवेकलाई नयाँ बनाउन ख्रीष्टको रगत पर्याप्त छ. शुद्ध र सफा पार्ने ख्रीष्टको कार्य हाम्रा निम्ति उपलब्ध हुने चारवटा तरीकाहरु छन्

**१. छिटोभन्दा छिटो पापको स्वीकारोक्ति**

पापको बोध हुनाबित्तिकै यसलाई स्वीकार गरिहाल्नुहोस् (१यूहन्ना १:९). पापले हाम्रो विवेकलाई अशुद्ध पार्ने हुनाले हामी स्वर्गीय पिताकहाँ साहस र शुद्ध आत्मा लिएर आउन सक्दैनौ. येशूले सिकाउनुभए जस्तै "हाम्रा

अपराधहरु क्षमा गर्नुहोस्" भन्ने प्रार्थना गरेर परमेश्वरसँग हाम्रो सम्बन्ध सुधार्नसक्छौं (मत्ती ६:१२).

२. **शुद्ध पार्ने प्रतिज्ञामाथि विश्वास गर्नुहोस्**

हामीलाई क्षमा गर्न र शुद्ध पार्न परमेश्वर विश्वासयोग्य हुनुहुन्छ (१यूहन्ना १:९). हाम्रो आफ्नै विवेक पनि येशूको रगतले शुद्ध पारिएको छ (हिब्रु ९:१४). यसले हामीलाई दोषबाट सम्पूर्णत: मुक्त गर्नेछ. यदि त्यस्ता कुनै सानातिना दोषहरु बाँकी छन् भने हामीलाई दोष लगाउने शैतान हो र हामीले उसको विरोध गर्नुपर्छ. परमेश्वरबाट यो दोषारोपण नआएकोले यसलाई हामीले एकातिर पन्छाइदिनुपर्छ.

३. **विवेकको कुरा सुन्नुहोस्**

आफ्नो असफलताहरुको स्वीकारोक्तिभन्दा तपाईले अझ बढी गर्नुपर्दछ - त्यो हो असफल हुन छाड्नुस (याकूब १:२२). विवेकले भने अनुसार यो परमेश्वरको बाटो हो भनेर तपाईलाई ज्ञान भएपछि त्यसै अनुसार गर्नुहोस्.

४. **ज्योतिमा हिंडन थाल्नुहोस**

यसको मतलव परमेश्वरको सामून्ने प्रष्ट हुनुहोस्, पवित्र आत्माप्रति संवेदनशील हुनुहोस् र परमेश्वरले आफ्नो इच्छा प्रकट गर्नुहुनासाथ त्यसको पालन गरीहाल्नुहोस. पावलले भनेका छन, "परमेश्वर र मानिसहरुका सामू म आफ्नो विवेकलाई सदा शुद्ध राख्ने प्रयत्न गर्दछु" (प्रेरित २४:१६). हामीले त्यसै गर्नुपर्दछ.

## छ. कठोर विवेक

यदि कुनै मानिसले जानाजान आफ्नो विवेकको बेवास्ता गरी नै रह्यो भने विवेक कठोर हुनथाल्छ र त्यसपछि विवेक शून्य हुन्छ. त्यसकारण पावलले यसलाई डामेको विवेकको संज्ञा दिएका छन् (१तिमोथी ४:२). यो ठाउँ खतरापूर्ण हुन्छ किनभने हामी कुनैपनि कुरा गर्न स्वतन्त्र हुनेछौं र यदि यो अवस्थामा रहिरह्यौं भने हामी अनन्तका निम्ति बरबाद हुनेछौं. यो स्थिति चिमोट्दा पनि नदुख्ने गरी लाटो हुनु हो. दु:खाईले खतरापूर्ण स्थिति आउनलागेको चेतावनी दिन्छ : यो चेतावनी बेगर हामीले ठूलो क्षती व्यहोर्नुपर्ने हुन्छ.

उहाँसित सही सम्बन्धमा जिउन मदत गर्न हामीलाई हाम्रो विवेक अति प्रभावकारी औजारका रुपमा परमेश्वरले दिनुभएको छ.

## ज. प्रश्नहरु र छलफलका बुँदाहरु

१. तपाईंले क्षमा पाउनु भएर आफ्नो विवेक स्वच्छ छ भनेर थाहा पाउनु के आबश्यक छ ?

२. परमेश्वरले क्षमा नदिने त्यस्तो कुनै कुरा छ कि ?

३. यदि हामीले गरेका पापलाई स्वीकार गऱ्यौं भने र त्यसका निम्ति क्षमा माग्यौं भने के हामीले पहिले कहिल्यै पापै नगरेको जस्तोगरी उहाँले बिर्सनुहुनेछ ?

४. हाम्रो विरुद्धमा एउटा भाइले पाप गऱ्यो भने हामीले के गर्नुपर्छ ?

५. पापमा फंसेको एउटा मानिसलाई कसरी फर्काउने ? र त्यस्तो व्यक्तिलाई फर्काउंदा ऊप्रति हाम्रो कस्तो व्यवहार हुनुपर्छ ? (गलाती ६:१)

६. मानिसहरु गल्ती गर्दागर्दै पनि हामीले तिनीहरुलाई क्षमा गर्नुपर्ने तथ्यमाथि परमेश्वर किन जोड दिनुहुन्छ?

७. तपाईंले क्षमा नगर्नुभएको व्यक्तिहरुको एउटा सूची बनाउनुहोस्. तिनीहरुको बारेमा तपाईंलाई सम्झना गराउन परमेश्वरसँग बिन्ती गर्नुहोस्. तपाईंले क्षमाशील आत्मा प्राप्त गर्नको निम्ति परमेश्वरसित अनुरोध गर्नुहोस्. तपाईंको हृदयबाट क्रोध र कटुता हटाएर त्यस ठाउँमा उहाँको प्रेमले भर्न परमेश्वरसँग बिन्ती गर्नुहोस्.

८. हाम्रो विवेकको बेवास्ता गर्नाले हाम्रो जीवनमा तनाव किन उत्पन्न हुन्छ ?

९. संसारका कतिपय मानिसहरुले आफ्नो मनखुशी गरेर पनि त्यसबारे तिनीहरु किन दोषी अनुभव गर्दैनन्?

१०. आफ्नो विवेकलाई स्वच्छ र निष्खोट बनाउने प्रयत्न गर्नुहोस्. यदि कुनै पनि कुराले तपाईंको हृदयलाई बिथोलेको छैनभने नभएको कुरा भेट्टाउन पछि फर्की फर्की नहेर्नुहोस्. यदि तपाईंको साक्षी निष्खोट छैनभने पनि चिन्ता नगर्नुहोस् तर दाऊदको प्रार्थनालाई (भजन १३९:२३-२४) मनन गर्नुहोस्. जब परमेश्वरले उत्तर दिनुहुन्छ माथि उल्लेखित ४ वटा बुँदामाथि ध्यान दिनुहोस.

## झ. सारांस तथा प्रयोग

१. हाम्रा पापहरु उहाँमा स्वीकार गरिसकेपछि परमेश्वरले उहाँको क्षमा हामीलाई सित्तैमा उपलब्ध गराउनुहुन्छ.

२. येशूको रगतले क्षमा सम्भव गराएको छ र यसले परमेश्वरको दृष्टिमा हामीलाई शुद्ध र धर्मी बनाउंछ.

३. पश्चाताप भनेको मन र लक्षको परिवर्तन हो. हाम्रो पश्चाताप कामद्वारा प्रमाणित गर्न हामीलाई धर्मशास्त्रले सिकाएको छ (मत्ती ३:८, प्रेरित २६:२०). अरुले जति नै गल्ती गरेको भएपनि तिनीहरुलाई क्षमा गर्नु येशूको चेलाको रुपमा पश्चातापकै एक हिस्सा हो.

४. परमेश्वरले हामीलाई धेरै माफी दिनुभएको छ र हामीले पनि अरुलाई त्यही अनुपातमा क्षमा दिएको उहाँ चाहनुहुन्छ (मत्ती १८:२१-३५, लूका ६:३७-३८).

५. हामीलाई जगाउनको निम्ति हाम्रो विवेक परमेश्वरको घण्टी हो र यसलाई उचित किसिमले मिलाउन उहाँलाई अनुमति दिनुपर्छ ताकि यसले हामीलाई उहाँको बाटोतिर औंल्याउन सकोस.

६. हामी परमेश्वरको बाटोमा सुरक्षित रुपमा हिंडन हाम्रो विवेकले एउटा सीमाना झैं काम गर्छ.

७. विवेकको बेवास्ता गर्नु घाउको दु:खाईलाई बेवास्ता गर्नुजस्तै हो. यसले हामीलाई ठूलो क्षती पुर्‍याउंछ

८. परमेश्वरबाट प्राप्त पापको क्षमाको निश्चितताले हाम्रो विवेकलाई दोषमुक्त पारिदिन्छ.